## मिति २०७७।०३।०९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रत्नमन्दिर र हिमागृह परिसर लगायतका नेपाल ट्रष्टको स्वामित्वका पोखरामा रहेका भवन तथा जग्गा लगायतका सम्पदा प्रदेश सरकार मातहत ल्याई संरक्षण तथा सञ्चालन गर्ने सम्बन्धमा प्रदेश सरकारबाट गठित कार्यदलले पेश गरेको अवधारणा सहितको अध्ययन प्रतिवेदन र सञ्चालन सम्बन्धी व्यावसायिक योजना बमोजिम प्रदेश सरकारले व्यवस्थापन गर्ने स्वीकृतिका लागि नेपाल सरकारमा अनुरोध गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको क्वारेन्टिन व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउने।

३. यस प्रदेशका स्वाव परीक्षण प्रयोगशालालाई अधिकतम क्षमतामा संचालन गरी परीक्षणको संख्या उल्लेखनीय रुपमा बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने।

४. निर्णय नं. ३ मा उल्लेखित नतिजा प्राप्त गर्नका लागि जनशक्ति र स्वास्थ्य उपकरण तथा उच्च क्षमताको पिसीआर मेशिन थप गर्नुपर्ने भएमा सो समेतको कार्यको शीघ्र व्यवस्थापन गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने।

५. कोरोना भाइरस रोग (COVID-19) को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारका लागि गठित उच्चस्तरीय निर्देशक समितिको मिति २०७७।०३।०८ को निर्णय बमोजिमको कार्य गर्न यस प्रदेशका निम्न जिल्लामा रहेका आइशोलेशन तथा क्वारेन्टिनको व्यवस्थापन तथा अनुगमन गर्न देहाय बमोजिमको “आइशोलेशन तथा क्वारेन्टिन व्यवस्थापन अनुगमन कार्यदल” गठन गर्ने:

क) **कार्यदल (१)** (कार्यक्षेत्रः स्याङ्जा र कास्की जिल्ला)

| | | |
|---|---|---|
| १. | मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| २. | प्रमुख, जिल्ला समन्वय समिति (सम्वन्धित जिल्ला) | सदस्य |
| ३. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४. | प्रमुख जिल्ला अधिकारी (सम्वन्धित जिल्ला) | सदस्य |
| ५. | सामाजिक विकास मन्त्रालय वा अन्तर्गतको सम्वन्धित जिल्ला हेर्न तोकिएको पदाधिकारी वा निजको निकटतम अधिकारी | सदस्य |
| ६. | नेपाली सेना, पश्चिम पृतना हेडक्वाटर, विजयपुर, पोखराका पृतनापतिले तोकेको प्रतिनिधि (अधिकृतस्तर) | सदस्य |
| ७. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि | सदस्य |
| ८. | मुक्तिनाथ बाहिनी, सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि (अधिकृतस्तर) | सदस्य |

**कार्यदल (२)** (कार्यक्षेत्रः नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र तनहुँ जिल्ला)

१. मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय — संयोजक
२. प्रमुख, जिल्ला समन्वय समिति (सम्वन्धित जिल्ला) — सदस्य
३. सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय — सदस्य
४. प्रमुख जिल्ला अधिकारी (सम्वन्धित जिल्ला) — सदस्य
५. सामाजिक विकास मन्त्रालय वा अन्तर्गतको सम्वन्धित जिल्ला हेर्न तोकिएको पदाधिकारी वा निजको निकटतम अधिकारी — सदस्य
६. नेपाली सेना, पश्चिम पृतना हेडक्वाटर, विजयपुर, पोखराका पृतनापतिले तोकेको प्रतिनिधि (अधिकृतस्तर) — सदस्य
७. गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि — सदस्य
८. मुक्तिनाथ बाहिनी, सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि (अधिकृतस्तर) — सदस्य

**कार्यदल (३)** (कार्यक्षेत्रः बाग्लुङ जिल्ला)

१. मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय — संयोजक
२. प्रमुख, जिल्ला समन्वय समिति (सम्वन्धित जिल्ला) — सदस्य
३. सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय — सदस्य
४. प्रमुख जिल्ला अधिकारी (सम्वन्धित जिल्ला) — सदस्य
५. सामाजिक विकास मन्त्रालय वा अन्तर्गतको सम्वन्धित जिल्ला हेर्न तोकिएको पदाधिकारी वा निजको निकटतम अधिकारी — सदस्य
६. नेपाली सेना, पश्चिम पृतना हेडक्वाटर, विजयपुर, पोखराका पृतनापतिले तोकेको प्रतिनिधि (अधिकृतस्तर) — सदस्य
७. गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि — सदस्य
८. मुक्तिनाथ बाहिनी, सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि (अधिकृतस्तर) — सदस्य

**कार्यदल (४)** (कार्यक्षेत्रः म्याग्दी र पर्वत जिल्ला)

| | | |
|---|---|---|
| १. | मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संयोजक |
| २. | प्रमुख, जिल्ला समन्वय समिति (सम्वन्धित जिल्ला) | सदस्य |
| ३. | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| ४. | प्रमुख जिल्ला अधिकारी (सम्वन्धित जिल्ला) | सदस्य |
| ५. | सामाजिक विकास मन्त्रालय वा अन्तर्गतको सम्वन्धित जिल्ला हेर्न तोकिएको पदाधिकारी वा निजको निकटतम अधिकारी | सदस्य |
| ६. | नेपाली सेना, पश्चिम पृतना हेडक्वाटर, विजयपुर, पोखराका पृतनापतिले तोकेको प्रतिनिधि (अधिकृतस्तर) | सदस्य |
| ७. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि | सदस्य |
| ८. | मुक्तिनाथ बाहिनी, सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि (अधिकृतस्तर) | सदस्य |

**कार्यदल (५)** (कार्यक्षेत्रः गोरखा र लमजुङ जिल्ला)

| | | |
|---|---|---|
| १. | मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| २. | प्रमुख, जिल्ला समन्वय समिति (सम्वन्धित जिल्ला) | सदस्य |
| ३. | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ४. | प्रमुख जिल्ला अधिकारी (सम्वन्धित जिल्ला) | सदस्य |
| ५. | सामाजिक विकास मन्त्रालय वा अन्तर्गतको सम्वन्धित जिल्ला हेर्न तोकिएको पदाधिकारी वा निजको निकटतम अधिकारी | सदस्य |
| ६. | नेपाली सेना, पश्चिम पृतना हेडक्वाटर, विजयपुर, पोखराका पृतनापतिले तोकेको प्रतिनिधि (अधिकृतस्तर) | सदस्य |
| ७. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि | सदस्य |
| ८. | मुक्तिनाथ बाहिनी, सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि (अधिकृतस्तर) | सदस्य |

**कार्यदल (६)** (कार्यक्षेत्रः मनाङ र मुस्ताङ जिल्ला)

| | |
|---|---|
| १. मन्त्री, सामाजिक विकास मन्त्रालय | संयोजक |
| २. प्रमुख, जिल्ला समन्वय समिति (सम्वन्धित जिल्ला) | सदस्य |
| ३. सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ४. प्रमुख जिल्ला अधिकारी (सम्वन्धित जिल्ला) | सदस्य |
| ५. सामाजिक विकास मन्त्रालय वा अन्तर्गतको सम्वन्धित जिल्ला हेर्न तोकिएको पदाधिकारी वा निजको निकटतम अधिकारी | सदस्य |
| ६. नेपाली सेना, पश्चिम पृतना हेडक्वाटर, विजयपुर, पोखराका पृतनापतिले तोकेको प्रतिनिधि (अधिकृतस्तर) | सदस्य |
| ७. गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि | सदस्य |
| ८. मुक्तिनाथ बाहिनी, सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब महानिरीक्षकले तोकेको प्रतिनिधि (अधिकृतस्तर) | सदस्य |

**(ख) कार्यदलको कार्य क्षेत्रः**

१. कोरोना भाइरस रोगको रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्ने आइशोलेशन तथा क्वारेन्टिन कक्षको स्थापना, व्यवस्थापन र सञ्चालन सम्वन्धी कार्यमा आवश्यक अनुगमन, समन्वय एवं सहजीकरण गर्ने।

२. कोरोना भाइरस रोगको रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्ने आइशोलेशन तथा क्वारेन्टिन कक्षमा आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण, स्वास्थ्यकर्मीको परिचालन, मेडिकल सामग्री, औषधी तथा उपकरणको आपूर्ति सम्वन्धमा अनुगमन, समन्वय एवं सहजीकरण गर्ने।

३. आइशोलेशन तथा क्वारेन्टिनमा रहेका मानिसहरुको शीघ्र स्वाव परिक्षण कार्यमा अनुगमन, समन्वय र सहजीकरण गर्ने।

४. कोरोना भाइरस रोगको रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्ने आइशोलेशन तथा क्वारेन्टिन कक्षको व्यवस्थापन सम्वन्धमा स्थानीयस्तरमा उत्पन्न विवादहरुको समाधानका लागि आवश्यक कार्य गर्ने।